जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

# जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र


| खण्डः५ | संख्याः २५ | प्रमाणिकरण मितिः २०७९/१२/२८ |
|---|---|---|

भाग २


## जीतपुरसिमरा उपमहानगरपालिका

## अटो, ईलेक्ट्रिक रिक्सा तथा टेम्पो रुट ईजाजत सम्बन्धी कार्यविधि, २०७९

## जीतपुरसिमरा उपमहानगरपालिका

**प्रस्तावना :** जीतपुरसिमरा उपमहानगरपालिकाको नगर क्षेत्रलाई आवश्यक अटो तथा ई. रिक्साहरुको संख्या निर्धारण, रुट निर्धारण, भाडा दर निर्धारण तथा नियमन जस्ता कार्यलाई व्यवस्थित गर्दै वैकल्पिक तथा नवीकरणीय उर्जाबाट चल्ने सवारी साधनलाई प्रबर्द्धन गर्दै यातायात सुरक्षालाई भरपर्दो र विश्वसनीय बनाउन आवश्यक देखिएको हुँदा जीतपुरसिमरा उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने)ऐन, २०७८ को दफा ४ बमोजिम जीतपुरसिमरा उपमहानगरपालिकद्वारा अटो, ईलेक्ट्रिक रिक्सा तथा टेम्पो रुट ईजाजत सम्बन्धी कार्यविधि, २०७९ बनाई जारी गरिएको छ ।

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : यो कार्यविधिको नाम "जीतपुरसिमरा उपमहानगरपालिकाको अटो, ईलेक्ट्रिक रिक्सा तथा टेम्पो रुट ईजाजत सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

२. **प्रारम्भ** :यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

३. **परिभाषा** :विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "*नगरपालिका*" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका लाई सम्झनु पर्छ ।

ख. "*नगर कार्यपालिकाको कार्यालय*" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

ग. "*प्रमुख*" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

घ. "*उप-प्रमुख*" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्छ ।

ङ. "*प्रमुख प्रशासकीय अधिकृत*" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

च. "*कार्यविधि*" भन्नाले "जीतपुरसिमरा उपमहानगरपालिकाको अटो, ईलेक्ट्रिक रिक्सा तथा टेम्पो रुट ईजाजत सम्बन्धी कार्यविधि, २०७९ भन्ने सम्झनु पर्छ ।

छ. "*सवारी*" भन्नाले अटो, ईलेक्ट्रिक रिक्सा तथा टेम्पो एवं हलुका सामाग्री ढुवानी गर्ने तीन/चार पाङ्ग्रे सवारी तथा ढुवानी साधन सम्झनु पर्छ ।

ज. "*सवारी विवरण*" भन्नाले सवारीको ईन्जिन नम्वर, चेसिस नम्बर, सवारी निर्माण कम्पनी, सिट संख्या, सवारीको रङ्ग र सवारीको धनी सम्झनु पर्छ ।

झ. "*सवारी चालक विवरण*" भन्नाले सवारी चालकको नाम, थर, लिङ्ग वतन, तिन पुस्ते पहिचान, सवारी चालकको सम्पर्क नम्बर र सवारी चालक अनुमतिपत्रको विवरण खुल्ने कागजात वा विवरण खुल्ने कागजात वा विवरण सम्झनु पर्छ ।

ञ. "*यातायात व्यवस्थापन समिति*" भन्नाले यस कार्यविधिको प्रकरण २८ बमोजिमको यातायात व्यवस्थापन समिति सम्झनु पर्छ ।

ट. "*अधिकार प्राप्त अधिकारी*" भन्नाले प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकारीलाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## दर्ता सम्बन्धी ब्यवस्था

४. **दर्ता गर्नु पर्ने** : नगरपालिकामा दर्ता नगरी कुनैपनि अटो, ईलेक्ट्रिक रिक्सा तथा टेम्पो संचालन गर्न पाईने छैन । तर संङ्घीय वा प्रदेश सरकारको निकायमा दर्ता भएका सवारीलाई नगरपालिकाको कार्यालयमा दर्ता गर्न आवश्यक पर्ने छैन।

५. **नविकरण गर्नु पर्ने** : दर्ता भएका सवारीहरुले वार्षिक रुपमा दर्ता नविकरण गरेको हुनु पर्नेछ।संघीय सरकार वा प्रदेश सरकारका निकायमा दर्ता भएका सवारीहरु सोही निकायबाट नविकरण गराउनु पर्नेछ।उपमहानगरपालिकाको कार्यालयमा दर्ता भएका सवारीहरु नगरपालिकाको कार्यालयबाटै दर्ता नविकरण गर्नु पर्नेछ।

६. **निवेदन दिनु पर्ने** : दर्ता र दर्ता नविकरणका लागि सवारीको विवरण खुलाई कार्यालयमा निवेदन दिनु पर्नेछ ।

७. **दर्ता तथा दर्ता नविकरण दस्तुर** : दर्ता र दर्ता नविकरण गर्दा लाग्ने दस्तुर उपमहानगरपालिकामा दर्ता हुने सवारी साधनको हकमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

८. **सवारी दर्ता प्रमाणपत्र** : सवारी दर्ता प्रमाणपत्रको ढाँचा अनुसूची -१ मा उल्लेख भए बमोजिमको हुनेछ ।

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

९. **जरिवाना र दर्ता खारेजी** : दर्ता प्रमाणपत्रमा लेखिएको म्याद नाघेको ३ महिनाभित्र दर्ताको प्रमाणपत्र नविकरण गराईसक्नु पर्नेछ । सो म्याद नाघी नविकरण गर्न आएमा नविकरण दस्तुरको अतिरिक्त एक वर्ष सम्म एक सय प्रतिशत, दुई वर्ष सम्म दुई सय प्रतिशत, तीन वर्ष सम्म तीन सय प्रतिशत, चार वर्ष सम्म चार सय प्रतिशत र पाँच वर्ष सम्म पाँच सय प्रतिशत दस्तुर लिई प्रमाणपत्र नविकरण गरिनेछ । यस अवधिसम्म नविकरण नहुने सवारीको दर्ता प्रमाणपत्र स्वत खारेज हुनेछ । दर्ता प्रमाणपत्र खारेज हुने सवारीको लगतकट्टा गरिनेछ ।

## परिच्छेद-३

## सवारी कर

१०. **सवारी कर बुझाउनु पर्ने** : दर्ता भएका सवारी साधनले वार्षिक रुपमा सवारी साधन कर बुझाउनु पर्नेछ । कर बुझाएको विवरण सहितको स्टिकर नगरपालिकाले सवारी साधनमा टाँस्न उपलब्ध गराउनेछ ।

११. **सवारी कर** : संघीय सरकार वा प्रदेश सरकारलाई सवारी कर बुझाएका सवारी साधनहरुले उपमहानगरपालिकामा सवारी कर बुझाउनु पर्ने छैन । उपमहानगरपालिकामा बुझाउनु पर्ने सवारी साधन कर हालको लागि प्रदेश आर्थिक ऐन अनुसार रु.४५००।- र आगामी आ.व. देखी जीतपुरसिमरा उपमहानगरपालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिम हुनेछ। साथै सवारी कर बुझाउने सवारीको सडक उपयोग/पटके कर लिईने छैन ।

१२. **म्याद र जरिवाना** : सवारी कर म्याद नाघेको १ महिनाभित्र बुझाईसक्नु पर्नेछ। सो म्याद नाघी सवारी कर दाखिला गर्न आएमा कर रकमको अतिरिक्त एक वर्ष सम्म एक सय प्रतिशत, दुई वर्ष सम्म दुई सय प्रतिशत, तीन वर्ष सम्म तीन सय प्रतिशत, चार वर्ष सम्म चार सय प्रतिशत र पाँच वर्ष सम्म पाँच सय प्रतिशत जरिवाना गरिनेछ । यस अवधिसम पनि सवारीको कर बुझाउन नआएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

## परिच्छेद-४

## यातायात सेवा अनुमति

१३. **अनुमति लिनु पर्ने** : उपमहानगरपालिका भित्र यातायात सेवा संचालनको लागि नगरपालिकाबाट यातायात सेवा संचालन अनुमति पत्र लिनु पर्नेछ ।

१४. **अनुमतिको लागि कम्पनी हुनुपर्ने** : यातायात सेवा संचालन अनुमतिको लागि यातायात सेवा संचालनको उद्देश्य राखी स्थापना भएको कम्पनी हुनु पर्नेछ । कम्पनी ऐन वाहेक अरु ऐन बमोजिम दर्ता भएका समिति वा संस्थाहरुलाई यातायात सेवा संचालन गर्न अनुमति दिइने छैन ।

१५. **अनुमति र नविकरण गर्ने** : यातायात सेवा संचालन अनुमतिको लागि निवेदन आएमा आवश्यकताको विश्लेषण गरी अनुसूची-२ बमोजिम यातायात सेवा संचालन गर्न अनुमति प्रदान गरिने छ । यातायात सेवा संचालन अनुमति लिने कम्पनीले उपमहानगरपालिकामा नियमानुसार वार्षिक रुपमा व्यवसाय कर तिरेको हुनु पर्दछ । यातायात सेवा संचालन अनुमतिको अवधि पाँच वर्षको हुनेछ । सो अवधि समाप्त भएको तीन महिना भित्र त्यस प्रकारको अनुमति तोकिएको दस्तुर तिरी नविकरण गरेको हुनु पर्नेछ । सो म्याद नाघी नविकरणको लागि निवेदन प्राप्त भएमा अर्को एक महिना सम्म शतप्रतिशत थप दस्तुर लिई अनुमति पत्र नविकरण गरिदिनु पर्नेछ । सो म्याद समाप्त भएमा अनुमति पत्र स्वतः खारेज हुनेछ ।

## परिच्छेद-५

## रुट ईजाजत

१६. **रुट निर्धारण गर्ने** : उपमहानगरपालिकाले पालिकाभित्र स्थानीय रुट ईजाजत लिई सवारी संचालनको लागि रुट निर्धारण गर्नेछ ।

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

१७. **निवेदन दिनु पर्ने** : स्थानीय सरकार संचालन ऐन, २०७४ को प्रकरण ११ को उपप्रकरण ४ को (ट) अनुसार स्थानीय रुट लिन चाहने सवारी साधनहरुले रुट ईजाजतको लागि सवारीको विवरण खुलाई अनुसूची -३ बमोजिमको ढाँचामा उपमहानगरपालिकाको कार्यालयमा रीत पुर्वक निवेदन दिनु पर्नेछ ।

१८. **निवेदन साथ सलग्न गर्नु पर्ने कागज पत्र** : निवेदनसँग अद्यावधिक भएको सवारी साधन दर्ता प्रमाणपत्रको प्रतिलिपि, ब्यवसाय कर तिरेको निस्सा, सवारीकर तिरेको निस्साको प्रतिलिपि, बिमा गरेको प्रमाण कागजातको प्रतिलिपि, यात्रु र तेस्रो पक्षको बिमा गरेको कागजातको प्रतिलिपि तोकिए बमोजिमको दस्तुर बुझाएको नगदी रसिद पेश गर्नु पर्नेछ । निवेदक स्वयम् उपस्थित हुन नसकेमा अर्को व्यक्तिलाई अधिकारनामा मञ्जुरीनाम दिई पठाउन सक्नेछ । साथै सवारी चालकको विवरण र सवारी चालक अनुमति पत्र समेत संलग्न गर्नु पर्नेछ ।

१९. **रुट ईजाजत जारी गर्ने** : यसरी प्राप्त कागजातहरुको चेक जाँचगरी उपयुक्त देखिएमा कार्यालयले सम्बन्धीत फाँटबाट अधिकार प्राप्त अधिकारीबाट तोकिएको दस्तुर लिई अनुसूची -४ को ढाँचामा रुट ईजाजत जारी गर्नु पर्नेछ ।

२०. **रुट ईजाजत नविकरण, जरिवाना, खारेजी र पुन ईजाजत जारी** : रुट ईजाजत ४ महिनाको लागि जारी गरिनेछ । म्याद समाप्त भएको मितिले १५ दिन भित्र त्यस्ता रुट ईजाजत पत्र नविकरण गराई सक्नु पर्नेछ । उक्त म्याद भित्र नविकरणको लागि दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो रुट ईजाजत पत्र अर्को चार महिनाको लागि नविकरण गर्नु पर्ने छ ।म्याद नाघी बाटो ईजाजतपत्र नविकरण गराउन आउने सवारी धनीबाट सो म्याद नाघेको एक महिनासम्म नविकरण दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर लिई त्यस्तो रुट ईजाजतपत्र नविकरण गर्नु पर्छ । यो अवधिमा पनि रुट ईजाजत नविकरण नगराउने सवारीको रुट ईजाजत स्वत : खारेज हुने छ । यसरी खारेज भएको रुट ईजाजतको लगत कट्टा गरिनेछ । यसरी रुट ईजाजत खारेज भएको सवारीको रुट ईजाजत पुन लिन चाहेमा रुट ईजाजतको सुरु प्रक्रिया अपनाउनु पर्नेछ । तर यसरी रुट ईजाजत दिदा पुरानो रुट ईजाजत नविकरण गर्दा लाग्ने दस्तुर नविकरण नभए वापतको जरिवाना र थप रु दुई हजार जरिवाना समेत लिईनेछ । तर सवारी आयात कम्पनीवाट सवारी आयात भई त्यस सवारीलाई पहिलोपटक रुट ईजाजत जारी गर्दा ३ किस्ताको लाग्ने राजश्व दस्तुर एकैपटक लिई एक वर्षको लागि जारी गर्न सकिने छ । यसरी जारी भएको रुट ईजाजत अरु कुनै कारणले खारेज वा स्थगन गर्न कुनै वाधा हुने छैन ।

२१. **बाटो ईजाजतपत्र स्थगित गर्न सकिने** :

(१) यस कार्यविधि बमोजिम रुट ईजाजतपत्र लिएको कुनै पनि सवारी सार्वजनिक दुर्घटनामा परी वा अन्य कुनै कारणबाट बिग्रीई चार महिना वा सो भन्दा बढी अबधी सम्म चलाउन नसकिने भएमा सवारी धनीले व्यहोरा खुलाई बाटो ईजाजतपत्र संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष त्यस्तो बाटो ईजाजतपत्र स्थगित गर्नका लागि दरखास्त दिनु पर्नेछ ।

(२) उपप्रकरण १ बमोजिम दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचवुझ गरी उपयुक्त देखेमा त्यस्तो सार्वजनिक सवारी चलाउन नसकिने अवधि सम्मका लागि त्यस्तो सवारीको बाटो ईजाजतपत्र स्थगित गर्न सक्नेछ ।

(३) बाटो ईजाजतपत्रमा तोकेको बाटोमा सार्वजनिक सवारी साधन सञ्चालन नगरी जनजीवनमा प्रतिकूल असर पर्ने गरी यातायात सेवा अवरुद्ध गरेमा त्यस्ता सवारीहरुको रुट ईजाजतपत्र बढीमा एक महिना सम्मको लागि स्थगित गर्न सक्नेछ ।

(४) उपप्रकरण ३ बमोजिमको बाटो ईजाजतपत्र स्थगित अवधिको नवीकरण दस्तुर मिनाहा हुनेछ ।

२२. **बाटो ईजाजतपत्र रद्द गर्न सकिने** : यस कार्यविधि बमोजिम रुट ईजाजतपत्र लिएको कुनै पनि सार्वजनिक सवारी चलाउन नसकिने गरी बिग्रीए वा नासिएमा त्यस्तो सवारीको धनी वा ब्यवस्थापकले सोको प्रमाण संलग्न राखी रुट ईजाजतपत्रको मान्यता रद्द गराउन अधिकार प्राप्त अधिकारी समक्ष रित पुर्वको निवेदन दिनु पर्नेछ ।

२३. बाटो ईजाजतपत्रको प्रतिलिपि दिने :

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

(१) रुट ईजाजतपत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा सो भए गरेको मितिले सात दिनभित्र सवारी धनी वा व्यवस्थापकले बाटो ईजाजतपत्रको प्रतिलिपिको लागि तोकीएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी सम्बन्धीत अधिकारी समक्ष निवेदन दिनु पर्छ । रुट ईजाजत पत्र हराएको वा नासिएको अवस्थामा ट्राफिक प्रहरीबाट कारवाहीमा नभएको व्यहोराको पत्र लिई प्रतिलिपिको लागि निवेदन दिनु पर्नेछ।

(२) उपप्रकरण (१) बमोजिम परेको निवेदन उपर अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी ब्यहोरा ठीक देखेमा दरखास्तवाला निवेदकलाई रुट ईजाजतको प्रतिलिपि दिनेछ ।

२४. **रुट ईजाजतको अभिलेख राख्नु पर्ने** : उपमहानगरपालिका कार्यालयले पालिकाबाट जारी रुट ईजाजतको प्रमाणित अभिलेखको व्यवस्थित विवरण अनुसूची -४ बमोजिमको ढाँचामा राख्नु पर्नेछ । यस्तो विवरणमा रुट ईजाजत नम्बर सवारी नम्वर सवारी धनीको नाम र सम्पर्क नम्वर रुट ईजाजत जारी मिति, रुट ईजाजत वहाल रहने मिति नविकरणको लागि तिरेको करको विवरण र रकम खुलेको हुनु पर्ने छ ।

२५. **रुट ईजाजत नामसारी** : सवारी साधनको नामसारी भई अरु कसैको नाममा सवारी साधनको स्वामित्व भएमा सो को प्रमाण राखी रुट ईजाजत पत्रमा समेत नँया सवारी धनीको नाम कायम गर्न उपमहानगरपालिका कार्यालयमा निवेदन दिनु पर्नेछ । यस्तो अवस्थामा रुट ईजाजत जारी गर्दा लाग्ने वरावरको दस्तुर लिई रुट ईजाजत पत्रमा नँया सवारी धनीको नाम कायम गरिनेछ ।

२६. **फाइल वनाई कागजपत्रहरु सुरक्षित राख्नु पर्ने** : सवारीको रुट ईजाजत जारी गर्दा सिर्जना हुने सबै कागजातको प्रत्येक सवारीको लागि एक फाइल वनाई कागजपत्रहरु सुरक्षित राख्नु पर्नेछ ।

२७. **रुट ईजाजत खारेज हुने** : तपसिलका अवस्थामा रुट ईजाजत खारेज गरिनेछ ।

क. सवारी धनीले रुट ईजाजत खारेज गर्न निवेदन दिएमा ।

ख. सवारी गम्भिर दुर्घटनामा परी संचालन गर्न नसकिने भएमा सो को प्रमाण संग्लग्न गरी सवारीधनी वा प्रहरीबाट लेखी आएमा ।

ग. सार्वजनिक सवारीको आवागमनमा वाधा व्यवधान हुने गरी हड्तालजन्य कार्यमा सवारीको प्रयोग भएमा ।

घ. तोकिएको भाडादर भन्दा वढी भाडा लिई वारम्वार कारवाहीमा परेमा ।

ङ. सवारी धनी वा सवारी चालकले सवारीको प्रयोग गरी गैर कानूनी कार्य गरी सवारीको दुरुपयोग गरेको व्यहोरा प्रहरीवाट लेखी आएमा ।

## परिच्छेद-६

## यातायात व्यवस्थापन

२८. **यातायात व्यवस्थापन समिति** : उपमहानगरपालिका क्षेत्रभित्र यातायात सुविधाको पर्याप्तता, आवश्यक्ता, जनसंख्याको आकार, भौगोलिक अवस्था अनुसार यातायातको समान पहुँच, स्थानिय अवस्था र सवारी साधनको चापको अवस्था विश्लेषण गरी सुझाव दिन तपसिल बमोजिमको यातायात व्यवस्थापन समिति रहनेछ ।

| | | | |
|---|---|---|---|
| १. | नगर प्रमुख | - | संयोजक |
| २. | नगर उप-प्रमुख | - | सदस्य |
| ३. | प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य |
| ४. | भौतिक पूर्वधार समितिको संयोजक | - | सदस्य |
| ५. | ट्राफिक प्रहरी कार्यालयको प्रतिनिधि | - | सदस्य |
| ६ | राजश्व शाखाको प्रमुख | - | सदस्य |
| ७. | कानून शाखाको प्रमुख | - | सदस्य |
| ८. | पूर्वाधार शाखा प्रमुख | - | सदस्य |

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

९. नगर प्रहरीको प्रमुख - सदस्य
१०. तराई यातायात व्यवसायी संघ सिमराको प्रतिनिधि - सदस्य
११. वातावरण तथा विपद् व्यवस्थापन शाखाको प्रमुख - सदस्य सचिव

२९. **सिण्डिकेट बार्गेनिङ गरी सवारी सञ्चालन गर्न नपाउने** : उपमहानगरपालिकाभित्र सञ्चालित कुनै पनि सवारी साधनको सञ्चालन चालक सवारी धनी वा सवारी साधनको स्वामित्व रहेको कम्पनीले सिण्डकेट वा बार्गेनिङ गरी सवारी सञ्चालन गर्न पाउने छैन।

३०. **ट्राफिक नियमको पालना गर्नु पर्ने** : उपमहानगरपालिकाभित्र सञ्चालित हुने सवारी साधनहरूले ट्राफिक नियमको पालना गर्नु पर्नेछ। ट्राफिक नियमको पालना नगरेमा सवारी तथा यातायात व्यवस्था ऐन तथा नियमावली अनुसारको जरिवाना गरिनेछ।यस प्रकारको जरिवाना ट्राफिक प्रहरी वा सम्बन्धित यातायात व्यवस्था कार्यालयबाट हुनेछ। तर उपमहानगरपालिकामा दर्ता भएका सवारी साधनको हकमा प्रहरी वा यातायात व्यवस्था कार्यालयबाट हुने जरिवाना उपमहानगरपालिकाबाट हुनेछ ।

३१. **अनुगमन गर्ने** : उपमहानगरपालिकाबाट रुट लिएर सञ्चालित सवारी साधन नियमानुसार सञ्चालन भए वा नभएको विषयमा उपमहानगरपालिकाले समय समयमा अनुगमन गर्नेछ ।

३२. **कारवाही हुने** : सवारी साधन नियमानुसार सञ्चालन गरेको नदेखिएमा प्रचलित कानुन बमोजिम र यसै कार्यविधि अनुसार कारवाही गरिनेछ ।

३३. **भाडा सम्बन्धी व्यवस्था** : भाडा सम्बन्धी व्यवस्था उपमहानगरपालिकाको आर्थिक ऐनमा तोके बमोजिम हुनेछ ।

३४. **बढी यात्रु वा सामान नराखे** : सवारीले सवारी दर्ता प्रमाणपत्रमा उल्लेख गरेको भन्दा बढी यात्रु वा सामान राखी सवारी सञ्चालन गर्न पाइने छैन ।

३५. **आचरण बाहिर गएर कुनै व्यवहार गर्न नपाइने** : सवारी चालकले सवारी चालकको आचरण बाहिर गएर कुनै व्यवहार गर्न पाइने छैन ।

३६. **सवारीको गति** : उपमहानगरपालिकाबाट रुट ईजाजत लिएर सञ्चालित सवारीको अधिकतम गति २० कि.मि. प्रतिघण्टा हुनेछ ।

## परिच्छेद-७

## विविध

३७. **बाधा अडकाउ फुकाउ** : यो कार्यविधिमा उल्लेखित व्यवस्था कार्यान्वयनमा कुनै समस्या वा द्धिविधा उत्पन्न भएमा कार्यपालिकाबाट अनुनोदन गर्ने/गराउने गरि नगर प्रमुखले बाधा अड्काउ फुकाउन सक्नेछन् ।

३८. **संसोधन** : यस कार्यविधिमा आवश्यक्ता अनुसार कार्यपालिकाले संसोधन गर्न सक्नेछ ।

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१

(प्रकरण ८ संग सम्बन्धित)

**सवारी दर्ता प्रमाणपत्रको ढाँचा**

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
जीतपुर, बारा ।

जीतपुरसिमरा उपमहानगरपालिकाको अटो, ईलेक्ट्रिक रिक्सा तथा टेम्पो रुट ईजाजत सम्बन्धी कार्यविधि, २०७९ को प्रकरण ४ अनुसार देहाय बमोजिमको विवरण भएको अटो, ईलेक्ट्रिक रिक्सा तथा टेम्पो दर्ता गरी यस जीतपुरसिमरा उपमहानगरपालिकाको तोकिएको क्षेत्रमा सञ्चालन गर्न यो अनुमित पत्र दिईएको छ ।

सवारी दर्ता नंः-
सवारीको किसिमः-
दर्ता मितिः-
सवारी धनीको नामः-
वतनः-
सवारी धनीको हस्ताक्षरः

सवारी धनीको फोटो

दर्ता गर्ने अधिकारीको हस्ताक्षरः

नामसारी भएको

मितिः .......................................

सवारी धनीको फोटो

नामसारी गर्ने अधिकारीको हस्ताक्षरः

सवारी धनीकोः
नाम थरः

जीतपुरसिमरा उपमहानगरपालिका

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

बतनः............................ -

<u>सवारीको विस्तृत विवरणः</u>

१. कम्पनिको नामः
२. सवारीको मोडेलः
३. सिलिण्डर संख्याः
४. च्याचिस नम्बरः
५. ईन्जिन नम्बरः
६. सवारीको रङ्गः
७. सिट क्षमता (चालक सहित)-
८. वजनः
९. रेडियो क्यासेट टेलिफोन आदी छ/छैनः
१०. प्रयोगः
११. भन्सारको निस्साः
१२. कुन कम्पनी/संस्था वा ब्यक्तीबाट खरिद गरेको हो सो को नामः

<u>प्रमाणपत्रको नविकरण</u>

| नविकरण गरेको मिति | नविकरण म्याद पुग्ने मिति | नविकरण गर्ने अधिकारीको सही |
|---|---|---|
| | | |

सवारी जाँचेको

| सवारी जाँचेको मिति | नविकरणको म्याद पुग्ने मिति | जाँच्ने अधिकारीको सही |
|---|---|---|
| | | |

जीतपुरसिमरा उपमहानगरपालिका

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२

(कार्यविधिको प्रकरण १५ संग सम्बन्धित)

**यातायात सेवा सञ्चालन गर्ने अनुमति पत्रको ढाँचा**

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा ।

**यातायात सेवा सञ्चालन अनुमति पत्र**

जीतपुरसिमरा उपमहानगरपालिकाको अटो, ईलेक्ट्रिक रिक्सा तथा टेम्पो रुट ईजाजत सम्बन्धी कार्यविधि,२०७९ को प्रकरण १३ अनुसार रहने गरि तपसिलको विवरण भएको कम्पनीलाई जीतपुरसिमरा उपमहानगरपालिकामा यातायात सेवा सञ्चाकन गर्न यो अनुमति पत्र प्रदान गरिएको छ ।

१. सेवा सञ्चालकको नामः
२. सेवा सञ्चालकको ठेगानाः
३. सेवा सञ्चालनको स्थानः
४. किसिमः
५. सेवा सञ्चालकको सम्पर्कः

.............................. .............................

सम्बन्धित शाखा प्रमुख प्रमुख प्रशासकीय अधिकृत

शर्त तथा बन्देजहरू लागु हुनेछ ।

**अनुमति पत्र नविकरण**

| क.सं. | नविकरणको मिति | नविकरण कायम रहने मिति | शूल्क बुझाएको विवरण | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

जीतपुरसिमरा उपमहानगरपालिका

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-३
(कार्यविधिको प्रकरण १७ संग सम्बन्धित)
**सवारी रुट ईजाजत निवेदनको ढाँचा**

मितिः ..........................

श्री जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा ।

विषयः रुट ईजाजत सम्बन्धमा ।

जीतपुरसिमरा उपमहानगरपालिका भित्र यातायात सेवा सञ्चालनको लागि तपसिलको विवरण भएको सवारी साधनलाई रुट ईजाजत जारी गरी दिनु हुन अनुरोध छ ।

सवारीको विवरण

१. सवारी दर्ता नः
२. सवारी धनीको नाम/ठेगानाः
३. सवारी निर्माता कम्पनीको नामः
४. सवारीको मोडलः
५. सवारीको ईन्जिन नं
६. सवारीको चेसिस नं
७. यात्रु सिट संख्या
८. सवारीको रङ्गः
९. सवारी धनीसंगको नाताः

निवेदक
नामः
ठेगानाः
सम्पर्क नं

जीतपुरसिमरा उपमहानगरपालिका

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-४

(कार्यविधिको प्रकरण १९ संग सम्बन्धित)

**स्थानीय रुट ईजाजत पत्रको ढाँचा**

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर,बारा ।

जीतपुरसिमरा उपमहानगरपालिकाको अटो, ईलेक्ट्रिक रिक्सा तथा टेम्पो रुट ईजाजत सम्बन्धी कार्यविधि,२०७९ को प्रकरण १९ अनुसार रहने गरि तपसिलको विवरण भएको कम्पनीलाई जीतपुरसिमरा उपमहानगरपालिकामा यातायात सेवा सञ्चालन गर्न यो स्थानीय रुट ईजाजत जारी गरिएको छ ।

"स्थानीय रुट ईजाजत पत्र"

१. रुट ईजाजत नम्बरः
२. सवारीको दर्ता नम्बरः
३. सवारीको विवरणः
   क. ईन्जिन नम्बरः
   ख. चेसिस नम्बरः
   ग. सवारीको प्रकारः
   घ. सवारीको मोडलः
४. रुट ईजाजत क्षेत्रको विवरणः
५. सवारी धनीको नाम, ठेगाना र सम्पर्क नम्बरः

| क.सं. | सवारी धनीको नाम | ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|---|
| | | | |

६. रुट ईजाजत जारी गर्ने अधिकारीकोः
   क. नामः
   ख. दस्तखतः
   ग. मितिः

(नोटः स्थानीय रुट ईजाजत पत्रको नविकरण पछिल्लो पानामा हुनेछ )

| क.सं. | नविकरण मिति | नविकरण कायम राख्ने मिति | शुल्क बुझाएको विवरण | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |



जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत